२०७५ श्रावण

## ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण
भैरवी गाउँपालिका, दैलेख



### आर्थिक वर्ष २०७४/०७५ को

### वार्षिक

# प्रगति प्रतिवेदन

भैरवी गाउंपालिका
गाउंकार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश, नेपाल

RVWRMP
ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना
प्राविधिक सहयोग इकाई
दैलेख

# विषय सूची


आर्थिक वर्ष २०७४/०७५ को प्रगती सारांश.......... 2

१. पृष्ठभूमी.......... 4

२. लक्ष बमोजिम उपलब्धी.......... 5

२.१. जलउपयोग गुरुयोजना.......... 5

२.२. भौतिक प्रगति.......... 5

२.३. क्षमता विकास.......... 7

२.४. जीविकोपार्जन कार्यक्रम.......... 9

३. अनुगमन तथा प्रतिवेदन.......... 9

४. प्रगती समीक्षा तथा योजना तर्जुमा.......... 10

५. नीति तर्जुमा.......... 11

६. सहकार्य.......... 11

७. आइपरेका समस्याहरु.......... 12

अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण.......... 13

अनुसूची २ : यस आ.व.मा संचालित तालिमहरुको विवरण.......... 14

अनुसूची ३ : सहकारी संस्थाको विवरण.......... Error! Bookmark not defined.

अनुसूची ४ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु.......... 16

अनुसूची ५ : भिजिबिलिटी.......... 17

अनुसूची ६ : जनशक्ति विवरण.......... 18


## तालिका सूची


तालिका १ : जलउपयोग गुरुयोजना तर्जुमाको प्रगति स्थिति
तालिका २ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी
तालिका ३ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण
तालिका ४ : क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश
तालिका ५ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण
तालिका ६ : आयआर्जन सम्बन्धी विवरण
तालिका ७ : सहकारी सम्बन्धी विवरण
तालिका ८ : योजनास्तरमा गरिएको अनुगमनको विवरण
तालिका ९ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु
तालिका १० : अनुगमनमा औंल्याइएका सुझाबहरुको कार्यान्वयन
तालिका ११ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक
तालिका १२ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य
तालिका १३ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

## आर्थिक वर्ष २०७४/०७५ को प्रगती सारांश

| | |
|---|---|
| **स्थानीय तहको नाम:** | भैरवी गाउँपालिका, दैलेख |
| **परियोजनाको नाम :** | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण |
| **प्रतिवेदनको समयावधी** | १ श्रावण २०७४ देखी ३१ आषाढ २०७५<br>(16th July 2017 to 16th July 2018) |

### क. आर्थिक प्रगती सारांश

| | **शीर्षक** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
|---|---|---|---|---|---|
| **परियोजनाको लागि यस आ.ब.को कुल बजेट तथा खर्चको अवस्था** (रु हजारमा) (दातृ निकाय, नेपाल सरकार तथा स्थानीय तह समेत) | पूँजीगत | ९९९१.४ | १०६९२.६ | १०६९२.६ | १००.० |
| | कार्यक्रम/चालु: | ५८४९.० | ५८४९.० | ५०४२.५ | ८६.२ |
| | **जम्मा** | **१५८४०.४** | **१६५४१.६** | **१५७३५.१** | **९५.१%** |
| | **लगानीको स्रोत** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
| **श्रोतगत रुपमा आर्थिक बर्षको बजेट तथा खर्चको अवस्था** (रु हजारमा) | स्थानीय तह | १२५५.५ | १९५६.६ | १९५६.६ | १००.० |
| | नेपाल सरकार | ५६६४.० | ५६६४.० | ५६६४.० | १००.० |
| | दातृ निकाय (GoF/EU) | ८९२१.० | ८९२१.० | ८११४.५ | ९०.९५ |
| | **जम्मा** | **१५८४०.४** | **१६५४१.६** | **१५७३५.१** | **९५.१%** |

### ख. भौतिक प्रगती सारांश

| **नतिजा क्षेत्र** | **आर्थिक वर्षको बुँदागत प्रमुख उपलव्धी** |
|---|---|
| नतिजा १ : खानेपानी, सरसफाइ तथा स्वच्छता | १. सांघारे खा.पा. तथा सर सफाई योजना **८० प्रतिशत् सम्पन्न**<br>२. धुर्स्याखोला खा.पा. तथा सर सफाई योजना **६० प्रतिशत् सम्पन्न**<br>३. नावखोला खा.पा तथा सर सफाई योजना **५० प्रतिशत् सम्पन्न**<br>४. वाणगंगा खा.पा तथा सर सफाई योजना **५० प्रतिशत् सम्पन्न**<br>५. गौरी मा वि वित्तयालय सरसफाई योजना **सम्पन्न** |
| नतिजा २ : जीविकोपार्जन प्रवर्द्धन | ▪ १० वटा घरवारी समुह तथा उन्नत स्तरको जिविकोपार्जनका ३ समुह गठन भई तालिम सम्पन्न गरिएको |
| नतिजा ३ : जलवायु परिवर्तन अनुकुलन/प्रकोप जोखिम न्यूनीकरण | ▪ विभिन्न दिवस तथा गोष्ठीहरुमा जलवायूपरिवर्तनको विषयलाई अन्तरनिहित विषयवस्तुको रुपमा छलफलमा ल्याईएको छ। |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | |
|---|---|
| | ▪ खानेपानी मुहान नजिक वृक्षा रोपण तथा ग्याविन बक्स लगाउने कार्य गरी पहिरो जान तथा खानेपानीको मुहान सुक्नका लागी न्युनीकरण गरिएको ।<br>▪ नावखोला खानेपानी योजनामा जलवायू परिवर्तन अनुकुलनलाई मध्यनजर गरि योजनाको डिजाईन गरि कार्यान्वयन भैरहेको र समुदायलाई यस सम्वन्धि अभिमुखिकरण गरिएको । |
| नतिजा ४ : क्षमता विकास | ▪ उपभोक्ता अभिमुखिकरण गोष्ठी, पुर्ण सर सफाई तालिम, लेखा व्यवस्थापन तालिम, जेसी तालिम, निर्माण पुर्व गोष्टी , निर्माण अबधीको गोष्टी, जन लेखा परिक्षण, पानी सुरक्षा योजना, जनप्रतिनीधी र कर्मचारीहरु लाई क्षमता विकास तालिम , पोषण तालिम, महिनावारी कक्षा सन्चालन, |



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

# आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रगति प्रतिवेदन

## १. पृष्ठभूमी

कर्णाली प्रदेश र प्रदेश सातका ग्रामीण क्षेत्रमा **“न्यायोचित, समतामूलक तथा दिगो रुपमा पानीको उपयोगको माध्यमवाट स्थानीय जनताहरुको जीवनस्तर सुधार तथा जीवीकोपार्जनका अवसरहरुको वृद्धि गर्ने”** लक्ष्यका साथ नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकार बीच सम्झौता भई आर्थिक वर्ष २०६३/०६४ देखि यस क्षेत्रका १० जिल्लाहरु (अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेलधुरा, दार्चुला, डोटी, कैलाली, दैलेख र हुम्ला  मा सफलतापूर्वकनिरन्तर सञ्चालन भइरहेको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनो (RVWRMP)राज्यको पुनर्सरचनासँगै नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म अनुरुप अर्थिक वर्ष २०७४/०७५ को आरम्भ देखिनै स्थानीय सरकार मातहत कार्यान्वयन भईरहेको छ ।

नेपालमा संघीयताको कार्यान्वयन सँगै नेपालको संविधान २०७२ ले परिकल्पना गरे वमोजिम स्थानीय विकास निर्माणको जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ । संघ र प्रदेशको संयुक्त अधिकार सूचीमा भएका बाहेक स्थानीय तहका विभिन्न २२ वटा अधिकारहरु नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएको छ । जस अनुसार स्थानीय स्तरका जनसरोकारका सबै विषयवस्तुहरुको योजना तर्जुमा, कार्यान्वियन, अनुगमन तथा मूल्यांकन स्थानीय तहको जिम्मेवारी भित्र पर्दछ ।

यस गाउँपालिकामा परियोजना कार्यान्वयन गर्नको लागि मिति २०७४।०४।०४ मा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, यस गाउँपालिका र जिल्ला समन्वय समिति बीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो । सोहि समझदारी पत्रमा उल्लेख भएका बुँदाहरु तथा परियोजनाको स्वीकृत परियोजना कार्यान्वयन निर्देशिका मा उल्लेख भएका प्रावधानहरु मातहत रही आर्थिक वर्ष २०७४/०७५ मा किटान गरिएका लक्ष वमोजिम हासिल गरिएका उपलव्धीहरु, आइपरेका समस्याहरु लगायतका विषयहरुलाई विष्लेशण गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

आर्थिक वर्ष २०७४/०७५ मा परियोजना अन्तर्गत कुल बिनियोजित रकम मध्ये १०० प्रतिशत निकासा भै ९५.१ प्रतिशत खर्च भएको छ । जसमध्ये दातृ निकाय तर्फको रु ८०६४८६.०० अर्को वर्षमा सरी गएको छ । स्थानीय तहको विनियोजित रकम रु १२५५.५ लाख मध्ये रु. १९५६.६ निकासा भई शत प्रतिशत खर्च भएको छ । यस स्थानीय तहमा विनियोजित बजेटको तुलनामा १५५ % आर्थिक प्रगति हासिल भएको छ ।

तर्जुमा गरिएका ४ वटा भौतिक निर्माण तर्फका योजनाहरु मध्ये ४ वटै योजनाहरु निर्माणाधिन अवस्थामा रहेको र आगामी बर्ष समेत निरन्तर रुपमा निर्माण कार्य हुने गरी जिम्मेवारी सरी गएका छन् ।

यस प्रतिवेदनमा भैरवि गाउंपालिकामा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत हासिल भएको प्रगती तथा सम्पन्न हुन नसकेकाका क्रियाकलापहरु तथा आइपरेका समस्याहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । यस प्रतिवेदनले गाउँपालिका परियोजना व्यवस्थापन समिति तथा परियोजना सहयोग इकाई/परियोजना समन्वय कार्यालयलाई समेत भविष्यमा परियोजनालाई थप प्रभावकारी बनाउनको लागि चाल्नु पर्ने आवश्यक कदमको बारेमा मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ ।


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

# २. लक्ष बमोजिम उपलब्धी

## २.१. जलउपयोग गुरुयोजना

भैरवी गाउपालिकाको हालको संरचना साविकका भैरीकालिकाथुम, कुसापानी, रावतकोट र वडलम्जी (साविक दुल्लू नगरपालिकाको वडा) मिलेर वनेको छ । विगतका आर्थिक वर्षहरुमा यसका सवै साविकका ईकाईहरुमा जलउपयोग गुरुयोजना तर्जुमा भैसकेकोले यस आ व मा परियोजनाको सहयोगमा सो गुरुयोजनाहरुलाई एकिकृत गर्दै गाउपालिकास्तरको जलउपयोग गुरुयोजना तर्जुमा गर्ने लक्ष्य राखिएको थियो । यसर्थ यस गाउँपालिकामा आर्थिक वर्ष २०७४/०७५ मा तर्जुमा गर्ने लक्ष्य राखिएको जलउपयोग गुरुयोजना सम्बन्धमा निम्न बमोजिम प्रगति हासिल भएको छ । जलउपयोग गुरुयोजनासंग सम्बन्धित क्षमता विकासका क्रियाकलापहरु शीर्षकमा उल्लेख गरिएको छ ।

*तालिका १ : जलउपयोग गुरुयोजना तर्जुमाको प्रगति स्थिति*

| लक्ष्य | प्रगति |
|---|---|
| गा.पा. स्तरीय जलउपयोग गुरुयोजना परामर्श वैठक तथा अभिमुखिकरण गोष्ठी | सम्पन्न भएको (२०७४/११/१४) |
| जलउपयोग गुरुयोजना वडा स्तरीय परामर्श वैठक तथा अभिमुखिकरण गोष्ठी वडा १ देखी ७ सम्म | सम्पन्न भएको (२०७४/११/१४ – ०७४/१२/२३) |
| जलउपयोग गुरुयोजना वडा स्तरीय योजना तर्जुमा गोष्ठी वडा १ देखी ७ सम्म | सम्पन्न भएका |
| जिविकोपार्जन वडा स्तरीय परामर्श वैठक | वाँकी |
| गा.पा. स्तरीय जलउपयोग गुरुयोजना तर्जुर्मा वैठक | वाँकी |

## २.२. भौतिक प्रगति

भैरवी गाउपालिकामा परियोजनाले यसै आ व देखि मात्रै योजना कार्यान्वयनको थालनी गरेको हो । यस आ व मा तपशिल वमोजिमका योजनाहरु कार्यान्वयनका लागि तर्जुमा गरिएका थिए:

१. संघारे खा.पा तथा सर सफाई योजना वडा नं.४

२. रावतकोट लिफ्ट खानेपानी योजना वडा नं १

माथिका योजनाहरुको प्राविधिक तथा सामाजिक सम्भाव्यता अध्ययन गर्दा रावतकोट लिफ्ट खानेपानी योजना प्रविधिक रुपले जटिल भएको र समुदाय आफैले व्यवस्थापन गर्न सम्भाव्य नदेखिएको साथै दिगोपनाको सुनिश्चितता नभएको पाईएकोले यसलाई स्थगन गरि गाउपालिका स्तरको छलफल तथा शिफारिशवाट संसोधन गरि यसको स्थानमा तपशिल वमोजिमका नयां ३ वटा योजनाहरु कार्यान्वयन गरिएको थियो ।

१. बाणगंगा खा.पा तथा सर सफाई योजना वडा नं.३

२. नावखोला खा.पा तथा सर सफाई योजना वडा नं.२

३. धुर्स्याखोला खा.पा तथा सर सफाई योजना वडा नं.१

यसका साथै सरसफाई तथा वातावरणमैत्री विध्यालय (BLUE SCHOOL) निर्माणको लागि गौरी मा वि वालेकांडालाई छनौट गरि

योजना कार्यान्वयन गरिएको थियो ।

यसर्थ यस गाउँपालिकामा आर्थिक वर्ष २०७४/०७५ मा कार्यान्वयन भएका भौतिक निर्माणतर्फका योजनाहरुको हासिल गरिएको प्रगति निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

*तालिका २ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी*

| क्र. सं. | योजनाको प्रकार | सम्पन्न गर्ने लक्ष | | हासिल भएको उपलब्धी | | प्रगती प्रतिशत (%) | |
|---|---|---|---|---|---|---|---|
| | | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या |
| १ | संघारे खा.पा योजना | १ | ८९० | ० | ० | ८०% | |
| २. | नावखोला खा.पा तथा सर सफाई योजना | १ | ४४४ | ० | ० | ८०% | |
| ३. | धुर्स्याखोला खा.पा तथा सर सफाई योजना | १ | ३५४ | ० | ० | ८०% | |
| ४. | बाणगंगा खा.पा तथा सर सफाई योजना | १ | ७३० | ० | ० | ८०% | |
| ५ | वातावरणमैत्री स्कुल निमार्ण | १ | ६१३ | १ | ६१३ | १००% | १००% |

तपसील बमोजिमको कारणले लक्ष गरिए बमोजिम योजनाहरु सम्पन्न हुन नसकी लक्षीत उपलब्धी हासिल हुन सकेन ।

यस गाउपालिकामा सन्चालन गरिएका खानेपानी योजनाहरुमा तपशिल वमोजिमका विशिष्ठ प्राविधिक तौरतरिकाहरु अवलम्वन गरिएको छ :

क) पाईपलाईनको लम्वाई तुलनात्मकरुपमा धेरै र कठिन भौगोलिक अवस्था रहेको सांघारे खानेपानी योजनामा पाईपलाईनमा गुणस्तरीयता कायम गराउन कडा चट्टानमा समेत पि सि सि गरि पाईप लाईन सुरक्षित हुने गरि कार्यान्वयन गरिएको छ ।

ख) नावखोला खानेपानी योजनामा समावेश गरिएका जम्मा ४ वटा मुहानहरु मध्य ३ वटा मुहानमा सुख्खायामको पानीको मात्रा साह्रै कम (०.०३ भन्दा कम) रहेको छ र तसर्थ यस्तो अवस्थामा वर्षात्को समयमा मुहानमा प्राप्त हुने वढी डिस्चार्जलाई समेत भण्डारण गर्ने गरि रिजर्भ्वायर टंकी निर्माण गरिएको छ । यो खानेपानी क्षेत्रमा जलवायू परिवर्तन अनुकुलन तथा जलश्रोत व्यवस्थापनको एक उपाय हो र यसको लागि परियोजनाले डडेल्धुरा जिल्लामा प्राप्त गरेको सिकाईलाई आधार मानिएको छ ।

ग) वांणगंगा खानेपानी योजनाको मुहानमा प्राप्त पानीको परिमाणमा मुहान वरपरका धेरै घरधुरीहरु निर्भर रहेका र सोही पानी अर्को समुदायसमेतलाई समेत वितरण गर्नुपर्ने भएकोले साथै मुहान पुरातात्विक क्षेत्र समेत भएकोले सो मुहान क्षेत्रमा कम गहिराईको रिजर्भ टंकी निर्माण गरि पानी वितरणको व्यवस्थापन गरिनेछ ।

घ) वित्तयालय सरसफाईतर्फ गाउपालिकाकै नमुना सरसफाई तथा वातावरणमैत्री विध्यालय विकास गर्न गौरी मा वि वालेकांडामा सोही अनुरुपको भौतिक तथा संस्थागत संरचना निर्माण गरिएको छ ।

*तालिका ३ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण*

| **क.सं.** | **लक्ष बमोजिम उपलब्धी हासिल हुन नसक्नुको कारण** | **भविष्यमा यस प्रकारको समस्या आउन नदिनको लागि गाउँपालिका परियोजना व्यवस्थापन समितिको रणनीति** |
|---|---|---|
| १ | रावतकोट लिफ्ट खानेपानी योजनाको सम्भाव्यता अध्ययन परियोजना सहयोग ईकाईको समेतको सहयोगमा गर्नुपर्ने भएकाले सो ढिला हुन गई नयां संसोधित योजनाहरुको काम ढिलो शुरुवात् भएको । | योजनाहरुको सम्भाव्यता अध्ययन समयमै सम्पन्न गर्ने गराउने र निमार्ण कार्य कार्तिक बाटै सुरु गर्नलाई तयारी चरणका कामहरु असोज भित्रै सक्नु पर्ने । |
| २ | वातावरणमैत्री स्कुल निर्माण का लागी बृक्षारोपण र त्यस्को हरियाली हुन समयमा लाग्ने तथा वालक्लवको सक्रियतामा सर सफाई लाई दिगो वनाउन र रिजल्ट देखाउन केहि समय कुर्नु पर्ने भएको हुदा ढिलाई भएको । | विद्यालय छनौट समयमा हुनु पर्ने, वजेटको व्यवस्था न्युन भएकोले बढाउनु पर्ने । |
| ३ | दिगो सरसफाई क्षेत्रमा विज्ञहरुवाट कर्मचारीहरुको क्षमता विकास तालिम नहुनु तथा समुदाय स्तरमा तालिम हरुका लागी रकम विनीयोजन नहुनु | कर्मचारीहरुको क्षमता विकास हुनु पर्ने सरसफाई क्षेत्रका विज्ञले सवै स्टाफहरुलाई विभीन्न रणनीती तयारी विषयमा तालिम दिनु पर्ने । |
| ४ | नया कार्यक्षेत्र भएको र समुदायहरु पहिलेदेखिनै तरकारी खेतिमा अभ्यस्त नहुदा कृषि क्षेत्रमा सहजिकरण गरेअनुरुप प्रगती नदेखिएको । | समुदाएको तरकारी खेतीमा आत्मनिर्भर र तरकारी खाने वानीको विकास गर्न २ देखी ४ वर्ष सम्म विउ विजनमा ५०।५० अनुदानको सहयोग र कृषि प्राविधिकको सक्रिय सहयोग गर्नु पर्ने देखिन्छ । |

गाउँपालिका भित्र परियोजनाको सहयोगमा सम्पन्न भएका तथा निर्माणाधिन योजनाहरुको विस्तृत प्रगति सहितको सूची अनूसुची ७ मा दिइएको छ ।

## २.३. क्षमता विकास

आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा कार्यान्वयन भएका क्षमता विकासतर्फका क्रियाकलापहरु तपशिलमा शिर्षकरुमा उल्लेख गरिएको छ :

१. योजनास्तरका चरणवद्द क्षमता विकास क्रियाकलापहरुः

- योजना सन्चालनमा चरणवद्ध कार्यतालिका अनुसारका क्षमता विकास तालिमहरु जस्तैः उ स अभिमसखिकरण, जेसी, लेखा व्यवस्थापन, घरवारी व्यवस्थापन, निर्माण पुव र निर्माण पश्चातका गोष्ठीहरु, पानी सुरक्षा योजना अभिमसखिकरण, सार्वजनी परिक्षण तयारी तालिम आदी ।

२. सरसफाई क्षेत्रका क्षमता विकास तालिमहरु र पैरवी अभियानहरु

- पोषण कक्षा सन्चालन - किशारी, महिला तथा शिक्षीकाहरुलाई पोषणको महत्व, दैनीक आबश्यक्ता करेसावारी निर्माण सम्वन्धी क्षमता विकास
- धामीझाक्री तथा पुजारी - छाउ तथा सुत्केरी किशोरी तथा महिलामाथि अन्धविश्वास अन्तको लागी उनीहरुको क्षमता विकास तालीम तथा पैरवी
- शिक्षक, वित्तयालय व्यवस्थापन समिति र वाल क्लवलाई पुर्ण सरसफाई र ब्यवहार परिर्वतन सम्वन्धी क्षमता


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

विकास

- वडास्तरमा पुर्ण सरसफाई तालिम (सरसफाई रणनीति तयार गर्नुका साथै वडास्तरवाट कार्यक्रम सुरु गर्ने प्रतिवद्धता)
- गाउपालिका तथा वडा स्तरमा गरीएका विभिन्न अभियानमुलक दिवशहरु, अन्तराष्ट्रिय श्रमिक महिला दिवश, विश्व वातावरण दिवश, चर्पी दिवश, विश्व हातधुने दिवश, महिनावारी दिवश, राष्ट्रिय सरसफाई सप्ताह, विश्व पानी दिवश लगायतका कार्यक्रमले सरसफाई, वातारण संरक्षण तथा अधिकारका विषयमा पैरवीा विकास गरिइएको ।

३. जिविकोपार्जनसंग सम्वन्धित क्षमता विकासका क्रियाकलापहरु

४. गाउपालिका तथा वडा स्तरका सरोकारवालाहरुको क्षमता विकास तालिम तथा गोष्ठीहरु

- नतिजामुखी योजना तर्जुमा गोष्ठी (योजनाको छनौट अनुगमन, पारदर्शिता जानकारी)

५. विध्यालयस्तरमा सन्चालन भएका क्षमता विकासका गोष्ठीहरु

६. विभिन्न श्रोतव्यक्ती वा प्राविधिक तालिमहरु

माथि उल्लेखित शिर्षकहरुमा कार्यान्वयन भएका क्षमता विकासका क्रियाकलापहरुवाट तपशिल वमोजिमको जनशक्तीहरुले क्षमता विकासको अवसर प्राप्त गरेका छन् ।

*तालिका ४ :क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश*

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | जम्मा महिला | जम्मा पुरुष |
|---|---|---|---|---|---|---|---|---|
| खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तालिम | १३८ | २११ | | | २७२ | ३८४ | ४१० | ५९५ |
| सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्वन्धी तालिमहरु | ३१८ | १३० | | | ५९१ | ३१९ | ९०९ | ४४९ |
| जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु | ७० | ४ | | | ५५ | ६ | १२५ | १० |
| स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु - अगुवा कृषक र VMW | ३ | १ | | | ६ | ८ | ९ | ९ |
| जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु | | | | | | | | |
| नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु | | | | | | | | |
| गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु | १६ | ४७ | | | ७८ | ११७ | ९४ | १६४ |
| **जम्मा** | **५४५** | **३९३** | | | **१००२** | **८३४** | **१५४७** | **१२२७** |

तालिमको विस्तृत विवरण अनुसूची २ मा दिइएको छ ।



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## २.४. जीविकोपार्जन कार्यक्रम

यस आर्थिक वर्षमा जीविकोपार्जन तर्फ यस गाउँपालिकामा निम्न बमोजिमको प्रमुख उपलब्धी हासिल भएको छ ।

**१. घरबारी व्यवस्थापनतर्फ :** यस आर्थिक बर्ष सन्चालन भएको ४ वटा समुहमा घरवारी व्यवस्थापन तालिमले १३५ जना कृषकको घरमा मौसम अनुसारको तरकारी लगाउने कार्य सुरु गरेका छन, विगतका दिनमा तरकारी खाने वानीको विकास नभएका यस क्षेत्रका समुदाय अहिले दैनिक जसो तरकारी खाएर बेच्न समेत सुरु गरेका छन ।

**२. आयआर्जनतर्फ :** परियोजनाले यसै आव मा मात्र यस क्षेत्रमा कृषि क्षेत्रमा काम गर्न थालेको हुनाले सवैभन्दा पहिले श्रोत व्यक्तीकोरुपमा अगुवा कृषकहरु उत्पादन गर्न अगुवा कृषक तालिम सन्चालन गरेको छ । जसवाट १६ जना कृषकहरुले सो तालिम लिई अफ्नो घरमा व्यवसायिक तरकारी खेति उत्पादनको थालनी गरेका छन् । यस क्षेत्रमा कृषि उत्पादनको लागि पानीको अभाव रहेको छ तसर्थ यस्ता क्षमता विकासका तालिमहरुमा खेर गएको पानीको व्यवस्थापन गरि कृषि उत्पादनमा प्रयोग गर्ने तरिकाहरुको प्रवर्द्दन गरिएको छ । गाउपालिकाको कृषि शाखाले यस क्षेत्रका क्रियाकलापहरुमा उल्लेख्य सहयोग तथा नेतृत्वदायि भुमिका खेलेको छ ।

*तालिका ५ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण*

| वडा नं. | अघिल्लो आ.व. सम्म | | | | यस आ.व. २०७४। ०७५मा | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| १ | | | | | ४६ | | ३० | | | | | ७६ |
| ४ | | | | | २८ | | ३१ | | | | | ५९ |
| **जम्मा** | | | | | **७४** | | **६१** | | | | | **१३५** |

*तालिका ६ : आयआर्जन सम्बन्धी विवरण*

| क.सं. | आयआर्जन क्रियाकलापहरु | व्यवसाय गर्ने जम्मा व्यक्ति | | | |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा |
| १ | व्यवसायिक तरकारी तथा मसला खेती | १० | | ६७ | ७७ |
| २ | व्यवसायिक फलफूल खेती | ५ | | ३२ | ३७ |
| ३ | लघुउद्यम व्यवसाय | | | | |
| ४ | बहुद्देश्यीय नर्सरी व्यवस्थापन | | | १ | १ |
| ५ | एग्रोभेट | | | २ | २ |
| ६ | अघुवा कृषक उत्पादन | ३ | | १२ | १५ |
| **जम्मा** | | **१८** | **०** | **११४** | **१३२** |

## ३. अनुगमन तथा प्रतिवेदन

गाउँपालिका तथा स्थानीय पूर्वाधार विकास विभाग तथा कृषि सडक विभाग बीच सम्पन्न समझदारी बमोजिम यस गाउँपालिकामा परियोजनाका क्रियाकलापहरुको नियमित रुपमा अनुगमन गर्नको लागि मिति २०७५ वैसाख १६ मा अनुगमन कार्यदल गठन गरिएको छ ।



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

*तालिका ८ : योजनास्तरमा गरिएको अनुगमनको विवरण*

| क्र. सं. | योजनाको नाम | अनुगमन मिति | चरणवद्ध कार्यपद्धति वमोजिम गर्नुपर्ने स्थलगत अनुगमन संख्या | स्थलगत अनुगमन गरिएको संख्या | गाउँपालिका कार्यालयवाट अनुगमनमा सहभागि भएको संख्या |
|---|---|---|---|---|---|
| १ | धुर्स्याखोला खा.पा तथा सरसफाई योजना | २०७५ असार ११ | २ | १ | १५ |
| २ | नावखोला खा.पा तथा सरसफाई योजना | २०७५ असार ११ | २ | १ | १६ |
| ३ | वाणगंगाा खा.पा तथा सरसफाई योजना | २०७५ असार ११ | २ | १ | १६ |
| ४ | संघारे खा.पा तथा सरसफाई योजना | २०७५ वैसाख १६ र असार ११ | २ | २ | २५ |
| | जम्मा | | | ५ | ७२ |

*तालिका ९ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु*

| क्र.सं. | प्रतिवेदन | आ.व. पेश गर्नुपर्ने संख्या | समयमा पेश गरिएको प्रतिवेदन संख्या | समयमा पेश गर्न नसकिएको प्रतिवेदन संख्या |
|---|---|---|---|---|
| १ | मासिक आर्थिक प्रतिवेदन (फाँटबारी) | १२ | १२ | |
| २ | चौमासिक प्रगति प्रतिवेदन | ३ | ३ | |
| ३ | वार्षिक प्रतिवेदन | १ | १ | |
| | जम्मा | १६ | १६ | |

परियोजना सहयोग इकाई तथा परियोजना समन्वय कार्यालयवाट विभिन्न मितिमा गरिएको जलस्रोत विकास कोषको अनुगमनको क्रममा दिइएका सुझावहरुको कार्यान्वयन निम्न बमोजिम गरिएको छ ।

*तालिका ९ : अनुगमनमा औंल्याइएका सुझावहरुको कार्यान्वयन*

| क्र.सं. | अनुगमन मिति | अनुगमन टोलीले दिएको सुझाब | सुझावको कार्यान्वयन विवरण |
|---|---|---|---|
| १ | २०७४।११।२९ | हालसम्मका भुक्तानीहरु आवश्यक शिफारिस अनुसार नै भएको देखिएको र क्यास वक्स अध्यावधिक राखिएको पाईएकोले यसलाई निरन्तरता दिनुपर्ने । | निरन्तरता दिईएको । |
| २ | २०७४।०८।०१ | लेखा राख्दा सुत्र सफ्टवेयर को प्रयोग गरेमा आवश्यक भएको वेलामा सजिलै प्रतिवेदन प्राप्त गर्न सकिने । | आगामी आ व वाट शुरुवात गरिने । |

जलस्रोत विकास कोषको सम्पूर्ण खर्च रकम तोकिएको शीर्षकमा मात्र गरिएको छ । ग्रामीण जलस्रोत आर्थिक वर्षमा भएको आम्दानी खर्चको भएको रकमको विवरण गाउँपालिकाको वेवसाइटमा राख्ने तयारी गरिएको छ ।


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

## ४. प्रगती समीक्षा तथा योजना तर्जुमा

विभिन्न मितिमा परियोजनाका क्रियाकलापहरुको प्रगती समीक्षा तथा परियोजनाको कार्यान्वयनको विषयमा गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक बसी विभिन्न विषयमा छलफल तथा निर्णयहरु गरिएको छ ।

*तालिका११ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक*

| बैठक नं. | मिति | प्रमुख छलफल तथा निर्णयहरु |
|---|---|---|
| १ | २०७४।०५।११ | गाउपालिका संग परियोजना र सहयोगी सस्था संगको सम्फौता |
| २ | २०७४।०६।०१ | फिन्ल्याण्ड सरकार संग दोस्रो निकासा माग सम्वन्धमा । |
| ३ | २०७४।०७।१० | परियोजनाको फोकल पर्सन र छामघाट योजना वारे छनौट सम्वन्धमा । |
| ४ | २०७४।०८।१३ | लागत स्टमीट तथा नमुना विद्यलाय छनौट सम्वन्धमा । |
| ५ | २०७४।०९।०६ | ०७४।०७५ का योजना स्वीकृत, वार्षिक कार्यक्रम स्वीकृत र कर्मचारी पदपुती सम्वन्धी |
| ६ | २०७४।१०।२२ | जिविकोपार्जन प्रवद्धकलाई काजमा खटाउने वारे । |
| ७ | २०७४।११।१४ | सचेतना मुलक होडिड. वोर्ड वनाउने वारे |
| ८ | २०७४।११।२३ | ०७५।०७६ को वार्षिक योजना तर्जुमा |
| ९ | २०७४।१२।२८ | परियोजनाको पुजीगत संसोधन, अधिकृत पद छनौट अनुरोध |
| १० | २०७५।०१।२३ | संघारे खा.पा को दोस्रो निकासा सम्वन्धमा |
| ११ | २०७५।०२।१५ | सहयोगी सस्था छनौट सम्वन्धमा |
| १२ | २०७५।०३।११ | ०७५।०७६ को बजेट कार्यक्रम गाउपालिका को WRT करार सेवा थप |

## ५. नीति तर्जुमा

आगामी आ व को लागि गाउँपालिकाले खानेपानी, सरसफाइ, स्वच्छता एवं महिनावारी व्यवस्थापन तथा जीविकोपार्जन प्रवर्द्धन क्षेत्रमा निम्न वमोजिमका नीतिहरु तर्जुमा गरेको छ ।

१. नीति तथा कार्यक्रमको वुदा नं. ७ मा **एक घर एक धाराको** लागि परियोजनाहरुसंग सहकार्य गरी निर्माण गर्ने ।

२. नीति तथा कार्यक्रम को वुदा नं. १४ मा पुर्ण सरसफाईयूक्त एक घर एक करेसावारी निर्माण गर्ने ।

३. नीति तथा कार्यक्रम को वुदा नं. १६ मा  महिनावारी भएको वेला अनिवार्य चर्पी प्रयोग गराउन जनचेतना कार्यक्रम गरिने ।

## ६. सहकार्य

परियोजना कार्यान्वयनको सिलसिलामा परियोजनासँग सम्बन्धित योजना क्रियाकलापहरुमा गाउँपालिकाका विषयगत शाखाहरु र अन्य साफेदार निकायहरुबाट थप आर्थिक तथा प्राविधिक सहयोग (परियोजनाको लागि विनियोजित बजेट भन्दा बाहेक) उपलब्ध भएको छ ।

*तालिका १२ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य*

| क्र.सं. | निकायको नाम | कार्यक्रम | सहकार्यको प्रकार | सहकार्यको रकम रु. (वा |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | | | बराबर) |
| १ | कृषि विकास शाखा | समुहलाई प्राविधिक सहयोग तथा विउ सहयोग | प्राविधिक सहजीकरण र आर्थिक सहकार्य | २,००,०००/- |

## ७. आइपरेका समस्याहरु

आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा निम्न बमोजिमका समस्याहरु आइपरेका थिए जसको समाधान निम्न उपायहरुवाट गरिएको थियो ।

छामाघाट लिफ्ट खा.पा तथा सर सफाई योजना निर्माण का लागी पहिलो प्रथामिक्तामा परेता पनि यस्को दिगोपनाको सन्चालनको लागि केहि प्राविधिक समस्याहरु देखिएपछि सन्चालन नहुने हो की भनी समुदायहरु अन्यौलमा परेकोमा योजना तत्कालै सन्चालनका लागी थप ३ वटा स्थानिय मुलको प्रयोग गरी योजना सन्चालन गर्न सवै उपभोक्ता, गाउँपालिका र परियोजना सहमत भई ढिलो भएता पनि योजना निमाण सुरु भएको छ, योजना ढिलो सन्चालन हुदा समुदायमा निरासा तथा फिल्डमा काम गर्ने कर्मचारीहरुलाई अन्य क्रियाकलापहरु सन्चालन गर्न समस्या भएको थियो ।

*तालिका १३ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु*

| क.सं. | समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|---|
| १ | छामघाट लिप्ट खा.पा योजना निर्माण नहनु । | सवै उपभोक्ता परियोजना, गाउपालिकाको वैठकमा छलफल पछि ३ वटा खानेपानी योजना गरिएको । |
| २ | खुल्ला दिसामुक्त क्षेत्र घोषण भएतापनि सवैको घरमा चर्पी नहुनु तथा महिनावारीको वेलामा चर्पि प्रयोग नगर्ने प्रचलन कायमै हुदा पुर्ण सरसफाईमा जान समस्या । | सरोकारवाला सवै संग सहकार्य गरि नीति तथा कार्यक्रममा यो विषय सम्वोधन गरिएको र पुर्ण सरसफाई अभियानमा ०७५।७६ वाट गति लिने गरि कार्यक्रम तय भएको । |

## मा संचालित योजनाहरुको विवरण

| ा | योजनाको अनुमानित लागत (रु) | यस योजनामा हालसम्म भएको खर्च (रु) | यस आ.व.मा भएको खर्च (रु) | यस योजनामा गाउँपालिकाको खर्च | आगामी आ.व.मा क्रमागत भई जाने आयोजनाको संख्या | आगामी आ.व.मा हुने खर्चको लक्ष | यस आ.व.मा सम्पन्न आयोजना बाट लाभान्वीत जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| **ोजना** | | | | | | | |
| १ | ३५६२९८३.४० | २११७१६७.०० | २११७१६७.०० | ६०४९५५.२५ | १ | १४४५८१६.४० | |
| २ | २२६९२२४.०१ | ९५१२०८.०० | ९५१२०८.०० | ३६६८०७.४० | १ | १३१८०१६.०१ | |
| ३ | १३८४१८७.९४ | ८२८३२५.०० | ८२८३२५.०० | ३२७५३७.४९ | १ | ५५५८६२.९४ | |
| ४ | ६४०४३७७.९६ | ४६३८८४६.०० | ४६३८८४६.०० | ६०५८१९.५४ | १ | १७६५५३१.९६ | |
| **ा** | | | | | | | |
| | २००४९५.३२ | २००४९५.३२ | २००४९५.३२ | ५१४९५.३२ | ० | ० | ६१३ |

*वेस, सम्पर्क जिल्लाको* **TSU***)*

## अनुसूची २ : यस आ.व.मा संचालित तालिमहरुको विवरण

| क.सं. | सञ्चालित तालिमको नाम | वडा नं. | तालिमको अवधि | तालिम संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तलिम ४ वटा खा.पा योजना | | | | | | | | | | |
| १ | उ.स को अभिमुखिकरण गोष्टी | १ देखी ४ | १ दिन | ४ वटा | २३ | ३२ | ० | ० | ५४ | ८३ |
| २ | लेखा ब्यवस्थापन तालिम | १ देखी ४ | १ दिन | ४ वटा | ९ | ११ | ० | ० | १३ | १९ |
| ३ | मर्मत सम्भार तथा WSP तालिम | १ देखी ४ | १ दिन | ४ वटा | २१ | ३३ | ० | ० | १९ | १४ |
| ४ | घरवारी अभिमुखिकरण गोष्टी | १ देखी ४ | १ दिन | ४ वटा | २९ | ३१ | ० | ० | ५१ | ७६ |
| ५ | CAP तालिम | १ देखी ४ | १ दिन | ४ वटा | २१ | ३८ | ० | ० | ३९ | ५६ |
| ६ | निर्माण पुर्वको गोष्टी | १ देखी ४ | १ दिन | ४ वटा | ९ | १७ | ० | ० | २४ | ३९ |
| ७ | निर्माण अवधीको गोष्टी | १ देखी ४ | १ दिन | ४ वटा | ९ | १८ | ० | ० | २६ | ४१ |
| ८ | लेखा पुनताजगी तालिम | १ देखी ४ | १ दिन | ४ वटा | ८ | १७ | ० | ० | २५ | २९ |
| ९ | उ.स ब्यवस्थापन तालिम | १ देखी ४ | १ दिन | ४ वटा | ९ | १४ | ० | ० | २१ | २७ |
| सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु | | | | | | | | | | |
| १ | पुर्ण सर सफाई कक्षा विद्यालयस्तर | १ देखी ४ | १ दिन | २० वटा | ४५ | ७१ | ० | ० | ९७ | १४२ |
| २ | सर सफाई सन्देश मुलक वोर्ड | १ देखी ४ | | ७ वटा | ० | ० | ० | ० | ० | ० |
| ३ | धामी झाक्री संग पुर्ण सर सफाई कक्षा | १ देखी ४ | १ दिन | ४ वटा | १ | ३ | ० | ० | ० | २१ |
| ४ | MHM कार्यशाला गोष्टी | १ देखी ४ | १ दिन | ४ वटा | ३१ | ० | ० | ० | ५६ | ० |
| ५ | पोषण कक्षा सन्चालन | १ देखी ४ | १ दिन | ४ वटा | ५९ | ३ | ० | ० | १६३ | ९ |
| ६ | सर सफाई सप्ताह | १ देखी ४ | १ दिन | ७ दिन | ० | ० | ० | ० | ० | ० |
| ७ | महिनावारी दिवश | १ देखी ४ | १ दिन | २ दिन | ६७ | ० | ० | ० | ८३ | ० |
| ८ | विश्व हात धुने दिवश | १ देखी ४ | १ दिन | २ दिन | ५६ | २१ | ० | ० | ३२ | ४३ |
| ९ | चर्पी दिवश | १ देखी ४ | १ दिन | २ दिन | ३७ | १९ | ० | ० | ४५ | ६८ |
| १० | पानी दिवश | १ देखी ४ | १ दिन | २ दिन | १७ | १३ | ० | ० | २२ | २८ |
| ११ | महिला दिवश गाउपालिका स्तरीय | १ देखी ४ | १ दिन | १ दिन | ५ | ० | ० | ० | ९३ | ८ |
| जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु | | | | | | | | | | |
| | घरवारी व्यवस्थापन तालिम | १ देखी ४ | ३ दिन | | ७० | ४ | ० | ० | ५५ | ६ |
| स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु | | | | | | | | | | |
| १ | अगुवा कृषक तालिम | | ५ दिन | १ | ३ | १ | ० | ० | ६ | ६ |
| २ | VMW तालिम | | १० दिन | | ० | ० | ० | ० | ० | २ |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु | | | | | | | | | | |
| १ | गाउपालिका सरोकारवालाहरुलाई पुर्ण सरसफाई तालिम | ४ | ३ | | २ | २ | ० | ० | १४ | ४९ |
| २ | वार्ड वास सी.सीलाई पुर्ण सर सफाई तालिम | १,२,र ४ | ३ | २ | ४ | ३४ | ० | ० | ३४ | ३८ |
| ३ | क्षमता विकास तालिम | ४ | १ | १ | ७ | ९ | ० | ० | २६ | २४ |
| ४ | उ.सको व्यवस्थावन तालिम | ४ | १ | १ | ३ | २ | ० | ० | ४ | ६ |

## अनुसूची ४ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु

### कडा चट्टान फोडेर गाउमा पानी – गाउमा पानी आउदा सबै मा खुसी







भैरवी गाउपालिकाको वडा नं.४ मा रहेको कालगौडाको ठुलो भिर कडा चटान, त्यो फोडेर गाउमा पाईपवाट पानी आउला भनेर नचीतायका यहाका उपभोक्ताहरु पछिल्लो समय आफै अचम्मीत बनेका छन । १५ बर्षको अवधीमा १२ जना भन्दा वढिले त्यही भिरवाट घास दाउरा ल्याउने क्रममा लडेर ज्यान समेत गुमाएको भोगेका उनका आफन्तहरुले योजना सन्चालनको शुरुवातमा यो सम्पन्न हुनेमा रतिभर पनी विश्वस्त थियनन् । खानेपानी योजना निर्माणको कामकालागि ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना यस गाउमा पहिलो पटक जव पाईला टेक्यो समुदायहरुले योजना चल्न नसक्ने ठोकुवा समेत गरे । तर विस्तारै परियोजनाले चरणवद्द क्रियाकलापहरु कार्यान्वयन गर्दै समिति गठन, अभिमुखिकरण, विभिन्न तालिमहरु, योजनाको सर्भे र फिल्ड कर्मचारीहरुको कडा मेहेनत अनि समितिका पदाधिकारीहरुको सक्रियतामा योजना सम्झौता भएको ३ महिनामै गाउमा पानी पुर्‍यापपछी अहिले उपभोक्ताहरु दंग परेका छन । कडा चटान रहेको यस भिरमा पहिलो पटक पाईप लाईनमा पिसिसि गरेर लाईन विस्तार गरिएको छ । यस गाउपालिकाको सवै भन्दा वढि दलित जनसंख्या रहेको यस वडामा पहिले खानेपानीका लागि २ घण्टा सम्म समय खर्चेर पालो कुरेर १ गाग्री खानेपानीको जोहो गर्दथे । पानीको लागी यति धेरै दुख भएको यो गाउमा विस्तारै समुदाय पनि निर्माण कार्यमा सहभागी भई आफ्नो जनश्रमदानको भुमिका समेत निर्वाह हुदा निर्माण कार्यमा सहजता भएको थियो । गाउपालिका तथा जिल्ला समन्वय समितिबाट पनि यो योजना निकै चासोको रुपमा हेरिएको थियो । करिव ८४ लाख रुपैयाको लागतमा निर्माण हुन लागेको यो योजनावाट १५२ घरधुरीले प्रतक्ष्य रुपमा २४ सै घण्टा पानीको सेवा पाउने भएका छन । योजनाको हरहिसावको लागि पारदर्शीरुपमा सार्वजनिक परिक्षण समेत गरिएको छ । करिव ३ किलोमिटर कडा चटान फोडेर यहाका

उपाभोक्ताहरुले जव गाउमा पानी ल्याउन सफल भए उनिहरुले पहिलो पटक आफ्नो गाउमा विकासको काम भएको महसुस गरेका छन । भौगलिक विकटताका कारण सधै विकासमा पछि परेका यस क्षेत्रका स्थानियहरु आफ्नै हातले पहाड फोडेर गाउमा पानी ल्याएकोमा खुसी भएका छन ।

## अनुसूची ५ : भिजिबिलिटी

गाउँपालिका अन्तर्गत ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाका क्रियाकलापहरुको उपभोक्ता, सरोकारवाला तथा आम जनमानसमा सन्देश प्रवाह गर्नको लागि यस आर्थिक वर्षमा तपसील बमोजिमका माध्यमबाट प्रचार प्रसार गरिएको छ ।

| क्र.सं. | माध्यम | मिति | प्रसारण गरिएको विषयवस्तु |
|---|---|---|---|
| १ | पत्रपत्रिका, समाचारपत्र दैनिक | **२०७४।११।२२** | **राउटेहरु सरसफाई तर्फ उन्मुख** |
| २ | रेडियो | २०७५।३।१८ | व्लु स्कुल निर्माण वारे |
| ४ | सामाजिक सञ्जाल | नियमित | RvwrmpBhairabe Dailekh (Facebook Account) |
| ५ | प्रदर्शनी | २०७४।१०।२२ र २०७४।१०।२९ देखी फागुन ७ सम्म | कृर्षि मेला तथा दैलेख महोत्सवमा सर सफाई सन्देश मुलक स्टल र राउटेहरुलाई सर सफाई कक्षा सन्चालन |

उपरोक्त भिजिबिलीटी सम्बन्धी सामाग्रीहरुको प्रति संलग्न गरिएको छ ।



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## अनुसूची ६ : जनशक्ति विवरण

आर्थिक वर्ष २०७४/०७५ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा गाउँकार्यपालिका कार्यालय, परियोजना, परियोजना सहयोग इकाई तथा सहयोगी संस्थाहरुवाट तपसील बमोजिम जनशक्ति परिचालन भएका थिए ।

| क्र.सं. | कर्मचारीको नाम | कार्यालय | पद | जम्मा अनुमानित योगदान (महिनामा) |
|---|---|---|---|---|
| १. | श्री चक्र बहादुर भण्डारी | स्थानीय बिकास कोष,दैलेख | फिल्ड संयोजक | १२ महिना |
| २. | श्री हरि प्रसाद जैसी | स्थानीय बिकास कोष,दैलेख | फिल्ड संयोजक | १२ महिना |
| ३. | श्री चन्द्र प्रसाद सापकोटा | स्थानीय बिकास कोष,दैलेख | सव इन्जिनियर | ५महिना १५ दिन |
| ४ | श्री हरि प्रसाद आर्चाय | स्थानीय बिकास कोष,दैलेख | जलस्रोत प्राबिधिक | १२ महिना |
| ५ | श्री लाल बहादुर महतारा | स्थानीय बिकास कोष,दैलेख | जलस्रोत प्राबिधिक | १२ महिना |
| ६ | श्री यज्ञ प्रसाद रिजाल | स्थानीय बिकास कोष,दैलेख | जलस्रोत प्राबिधिक | ५महिना १५ दिन |
| ७ | श्री खड्ग बिक्रम शाही | स्थानीय बिकास कोष,दैलेख | जिबिकोप्राजन प्रबन्धक | १२ महिना |
| ८ | श्री लक्ष्मीवन सन्यान्यासी | स्थानीय बिकास कोष,दैलख | स्वास्थ्य प्रबन्द्धक | १२  महिना |
| ९ | श्री दुर्गा कुमारी थापा | स्थानीय बिकास कोष,दैलेख | स्वास्थ्य प्रबन्द्धक | १२ महिना |
| १० | श्री एकेन्द्र प्रसाद पाण्डे | स्थानीय बिकास कोष,दैलेख | कार्यालय सहायक | ५महिना १५दिन |


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland